पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर।
☎: ०२१:४६१९६५

मिति : २०८२/०२/२२

**श्रीमान् निर्देशक/क्याम्पस क्याम्पस प्रमुखज्यू,**
**बी.बी.ए.(BBA) शैक्षिक कार्यक्रम अध्यापन गराउने सम्पूर्ण स्कूल /क्याम्पस / कलेजहरु ।**

**विषयः- परीक्षा आवेदन फारामञ्ज भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक तह ४ वर्षे BBA शैक्षिक कार्यक्रम **सातौं** सेमेष्टरको **नियमित (२०२१ ब्याच) तथा आंशिक** तर्फका परीक्षार्थीहरुको (सन् २०२५) मा सञ्चालन गरिने परीक्षाका लागि परीक्षार्थीहरुले **मिति २०८२/०३/१२ गते** सम्म परीक्षा आवेदन फाराम भरी सक्नु पर्ने छ र सम्बन्धित स्कूल/क्याम्पस/कलेजले तोकिएको **मिति २०८२/०३/१५ गते** सम्म **नियमानुसारको परीक्षा शुल्क वापतको रकम यस कार्यालयको नविल बैक लि.को** A/C 00710017518402 मा जम्मा गरी सो को सक्कलै भौचर सम्बन्धित स्कूल/क्याम्पस/कलेजका प्रतिनिधि मार्फत पू.वि.परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा तोकिएको मिति समाप्त भएको तीन दिन भित्र उपलब्ध गराउन जानकारी गराइन्छ । सम्वन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ________ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । **साथै परीक्षा आवेदन फाराम भराई सकेपछि तपसिल बमोजिमको निर्देशनहरु अनिवार्यरुपमा पालन गरि/गराई परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराउन हुन समेत जानकारी गराईन्छ ।**

तपसिल

(१) परीक्षार्थीहरूले परीक्षा आवेदन फाराममा भरेको विवरणको नाम, विषयहरू र अन्य विवरण समेत पूर्णरूपले रूजु गरी परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई अभिलेख तयार गरि Subject-wise Data बनाइ पठाउनु पर्नेछ । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।– पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा शुल्क बुझाउनु पर्ने छ ।

(२) **परीक्षा आवेदन फाराममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।**

(३) परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटोमध्ये पहिलो फोटोमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजका निर्देशक/क्याम्पस प्रमुखले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुई वटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

(४) परीक्षा आवेदन फारामको पछाडि रहेको सम्बन्धित परीक्षार्थीको हाजिरी प्रतिशत अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ ।

(५) सम्बन्धित स्कूल/क्याम्पस/कलेजले पाठ्यक्रममा तोकिए बमोजिम आन्तरिक मूल्याङ्कन परीक्षा संचालन गरी सक्नु पर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा सामेल हुन पाउने छैन र अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।

(६) परीक्षा आवदेन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

(७) **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

| विवरण | शुल्क |
|---|---|
| **परीक्षा शुल्क** : | |
| परीक्षा शुल्क (२०२० समुह देखिका **नियमित तथा आंशिक** परीक्षार्थीलाई) | रू. १,५००।- |
| **अन्य वर्ष तथा समुह : आंशिक तर्फ** | |
| १) एक विषयसम्म | रू. ५००।– |
| २) दुई विषय भएमा | रू. ८००।– |
| ३) दुई भन्दा बढी विषय भएमा | रू. ११००। |
| **बिलम्ब शुल्कः** | |
| १, तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप | रू. १०००।– |
| २, परीक्षा शुरु हुनु भन्दा १० दिन अगाडी सम्म | रू. २०००।– |
| ३, परीक्षा शुरु हुनु भन्दा ५ दिन अगाडी सम्म | रू. ३०००।– |
| **सम्बन्धन शुल्कः** | |
| १, बी.बी.ए. सातौ सेमेष्टर (प्रति विद्यार्थी प्रति वर्ष) | रू. ७,०००।– |

**नोटः** विलम्व शुल्कको २ र ३ नं. वमोजिम उपरोक्त शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरुहुने परीक्षालाई परीक्षा सुरु भएको दिन मानिने छ ।

परीक्षा नियन्त्रक